# बालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

## शम्भुनाथ नगरपालिका

## कठौना सप्तरी

मधेश प्रदेश, नेपाल

**प्रकाशन**

बालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

**प्रकाशक**

शम्भुनाथ नगरपालिका

सप्तरी

**कार्यपालिकाबाट स्वीकृत**

**मिति**: २०८२।१०।१२

**सर्वाधिकार**

प्रकाशकमा

**सल्लाहकार**

का. वा. नगर प्रमुख श्री अनिता कुमारी चौधरी

प्रमुख प्रशासकीय अधिकृत श्री दिपेश कुमार झा

शिक्षा शाखा प्रमुख श्री बिदुर विक्रम थापा

**तयारकर्ता**

योगेन्द्र प्रसाद चौधरी

**सम्पादन**

दिपेश कुमार राई

## नगर प्रमुखको मन्तव्य

नगर कार्यपालिकाको कार्यालय, शम्भुनाथ नगरपालिका, कठौना, सप्तरी, मधेश प्रदेश, नेपाल

देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ। यो निरन्तर चलिरहने प्रक्रिया हो। यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ। स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिका को शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो शम्भुनाथनगरपालिका शिक्षितनगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। त्यसै अनुरुप यस शम्भुनाथ नगरपालिकाले नगरपालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२४–२०३३) समेत तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ। उक्त योजनामा समेत बालिका तथा समावेशी सञ्जालका विषयवस्तुहरु समावेश गरी कार्यक्रमहरु राखिएका छन्।

सबै समुदायमा बालबालिका, आमाबाबु, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी, अशक्तहरु रहेका हुन्छन्। त्यस्ता व्यक्तिहरुको रेखदेख र संरक्षण गर्नु नगरपालिकाको कर्तव्य हो। तर त्यस्ता व्यक्तिहरुको आवश्यकता र समस्याहरु पनि फरक फरक हुन्छन्। रेखदेख र संरक्षण गर्ने नीति, नियम र विधि पनि फरक फरक हुन्छन्। त्यसैले शम्भुनाथ नगरपालिकाले त्यस्ता व्यक्तिहरुको संरक्षण र विकासका लागि फरक फरक नीति, नियम र कार्यमहरु ल्याउने गरेको छ। यो रणनीति चाहिँ समुदायमा रहेका बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाको संरक्षण र विकासका लागि ल्याइएको रणनीतिक योजना हो।

त्यसैले हरेक घरपरिवार र समुदायको विकासमा यस प्रकारका बालिकाहरुको योगदानले महत्त्वपूर्ण भूमिका निर्वाह हुने हुँदा उनीहरुको शैक्षिक विकासका लागि शम्भुनाथ नगरपालिकाले शैक्षिक सामग्रीहरुको वितरण, छात्रवृत्तिको व्यवस्था,सहायक सामग्रीको वितरण, आर्थिक सहायता जस्ता विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुमा बालिकाको शिक्षाका लागि हरेक वर्ष विभिन्न प्रकारका नीतिहरु ल्याउने गरेको छ। नगरपालिकामा सहकार्य गर्न आउने साझेदार संस्था र सहयोगी हातहरुलाई स्वागत गर्ने गरिएको छ। यस्तै कोशिसहरुमध्ये बालिका, अपाङ्गता भएका बालिका र सीमान्तकृत समुदायका बालिकाहरुको शैक्षिक विकासका लागि हाम्रो शम्भुनाथ नगरपालिकाले एउटा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाहरुको समावेशी शिक्षा रणनीति पनि एउटा नयाँयोजना हो। यस रणनीतिक योजनाले बालिकाहरुको विकास र बाल अधिकारको संरक्षण र विकासमा दूरगामी महत्त्वको मार्गदर्शन प्रदान गर्ने विश्वास गर्दछु।

यस शम्भुनाथ नगरपालिकाले निर्माण गरेको यस रणनीतिक योजनाले राखेको सोच र उद्देश्यहरुलाई कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट तथा कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्दछु। साथै यसको निर्माण कार्यमा जुट्नुहुने सबै साझेदार सङ्घ संस्था र विद्वत्वर्गहरुलाई धन्यवाद दिन चाहन्छु।

अनिता
.................................

अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख
शम्भुनाथ नगरपालिका

अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

## विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| १ | **परिच्छेद एक- परिचय** | |
| २ | १.१ भौगोलिक पृष्ठभूमि | |
| ३ | १,२ शैक्षिक पृष्ठभूमि | |
| ४ | १.३समस्या र चुनौती | |
| ५ | १.४आवश्यकता | |
| ६ | १.५ दृष्टिकोण, सिद्धान्तर मान्यता | |
| ७ | १.६ विद्यालय सुधार योजनामा अनुकूलन | |
| ८ | **परिच्छेद दुई- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता** | |
| ९ | २.१ सोच | |
| १० | २.२ ध्येय | |
| ११ | २.३ उद्देश्य र रणनीति | |
| १२ | **परिच्छेद तीन- संयन्त्र संरचना र कार्यविवरण** | |
| १३ | ३.१ संयन्त्र संरचना नीति र कार्यविवरण | |
| १४ | **परिच्छेद चार-स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा रणनीतिको कार्यान्वयन योजना र अनुगमन** | |
| १५ | ४.१ कार्यान्वयन तथा अनुगमन कार्ययोजना | |
| १६ | **परिच्छेद चार-वित्तीय स्रोत पहिचान, व्यवस्थापन तथा जोखिम व्यवस्थापन** | |
| १७ | ४.१ स्रोत पहिचान | |
| १८ | ४.२वित्तीय स्रोत व्यवस्थापन | |
| १९ | ४.३ वित्तीय जोखिम अनुमान र व्यवस्थापन | |
| २० | ४.३.१ वित्तीय जोखिम अनुमान | |
| २१ | ४.४.२ वित्तीय जोखिम व्यवस्थापन | |

# परिच्छेद एक- परिचय

## १.१ भौगोलिक पृष्ठभूमि

शम्भुनाथ नगरपालिका मधेश प्रदेश अन्तरगत सप्तरी जिल्लामा अवस्थित रहेको छ । सप्तरी जिल्लामा विद्यमान ९ नगरपालिका र ९ गाँउपालिका गरि १८ स्थानीय तह मध्ये शम्भुनाथ नगरपलिका एक हो । नेपालको मधेश प्रदेश अन्तरगतको सप्तरी जिल्लाको उत्तर भू-भागमा अबस्थित नगरपालिका हो । शम्भुनाथ नगरपलिका सप्तरी जिल्लाका साविकको खोक्सर प्रवाहा, शम्भुनाथ (सखुवा कचन्दाहा), मोहनपुर, भंगहा, रामपुर जमुवा, वसवलपुर र अर्नाहा गा.वि.स. संयोजन समावेश गरी बनेको यस नगरपलिकामा १२ वटा वडाहरु रहेका छन् । हाल मधेश प्रदेश अन्तर्गत नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयबाट गठित नगरपालिका हो । यस क्षेत्रमा अवस्थित शम्भुनाथ बाबाको नामवाट पालिकाको नामाकरण भएको भनाई हो । सप्तरीको सुन्दर धार्मिक स्थलहरु मध्ये शम्भुनाथ बाबा मन्दिर एक उत्कृष्ट धार्मिक, सर्वाधिक महत्वपूर्ण र प्रख्यात तीर्थस्थलको रुपमा रहेको छ । शिवको पुजाआजा हुने यो स्थान शम्भुनाथ बजार देखि १ कि.मी. पूर्व दक्षिण मा रहेको छ । यस नगरपालिकामा आदिकाल देखि हिन्दू, बौद्ध समुदायका बाहुल्यता रहेका छ । शम्भुनाथ नगरपालिका को सिमानाको पूर्वी भागमा रुपनी गाँउपालिका,पश्चिमीमा भागमा खडक नगरपालिका, दक्षिणी भागमा डाक्नेश्वरी नगरपालिका पर्दछन भन्ने उत्तरी भागमा उदयपुर जिल्लाको सिमानासंग जोडिएको छ । भौगोलिक हिसाबमा उत्तरमा चुरे क्षेत्र देखि दक्षिणमा तराई मधेशको भू-भाग ओगटेको यस क्षेत्र पूर्व पश्चिम राजमार्गसँग जोडिएता पनि आर्थिक, सामाजिक लगायत समग्र मावन विकास सूचाकंमा अपेक्षित उपलब्धी हासिल गरिसकेको छैन । कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण मार्फत कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धिको दृष्टिकोणबाट यस क्षेत्रको महत्वपूर्ण संभावना छ । यस नगरपालिका को कुल क्षेत्रफल १०८.७१ वर्ग किलोमिटर रहेको छ । क्षेत्रफलको हिसाबमा वडा नं-७ सबै भन्दा ठुलो र वडा नं ५ सबै भन्दा सानो वडा रहेको छ । शम्भुनाथ नगरपालिकाको मूख्य कार्यालय शम्भुनाथ न.पा. -६, कठौना बजारमा रहेको छ । जनसंख्यिक रुपले हेर्दा वडा नं १२ मा सबैभन्दा बढी र वडा नं १० सबैभन्दा कम जनसंख्या रहेको छ।

## १.२ शैक्षिक पृष्ठभूमि

शम्भुनाथ नगरपालिकामा जम्मा २५ ओटा सामुदायिक (१ धार्मिक) विद्यालय रहेका छन् । यस नगरपालिका मा १९ ओटा सामुदायिक आधारभूत विद्यालय, ६ ओटा माध्यमिक विद्यालय,१ ओटा नमुना विद्यालय, १ ओटा प्राविधिक विद्यालय र १ ओटा क्याम्पस रहेका छन् त्यसै गरी १५ओटा संस्थागत विद्यालयहरु रहेका छन् । सबै सामुदायिक विद्यालयहरुमा प्रा.वि.तहहरु रहेका छन् भने सबै संस्थागत विद्यालयहरुमा प्रा.वि. तहका रहेका छन् । यस पालिका मा ४५ वटा वालविकास केन्द्रहरु रहेका छन् । शम्भुनाथ नगरपालिका को शैक्षिक विवरणलाई यसरी संक्षिप्तमा प्रस्तुत गरिएको छ ।

| विद्यालय | सामुदायिक | संस्थागत | कैफियत |
|---|---|---|---|
| | २५ | १५ | |



अनिता
अनिता कुमारी चौधरी

| प्रकारहरु | | |
|---|---|---|
| सामुदायिक | प्रारम्भिकबाल विकास | ३० वटा |
| | आधारभुत कक्षा १-५ मात्र | ११ वटा (धार्मिक १ सहित) |
| | आधारभुत कक्षा १-८ मात्र | ८ वटा |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | १९ वटा |
| | माध्यमिक कक्षा १-१० मात्र | ४ वटा |
| | माध्यमिक कक्षा १-१२ मात्र | २ वटा |
| | **माध्यमिक विद्यालय कक्षा १-१२ कुल** | ६ वटा |
| | **कुल विद्यालयहरु** | **२५ वटा** |
| | गृहणी विद्यालय कक्षा १० सञ्चालित | ० |
| | खुल्ला विद्यालय कक्षा ९-१२ भएका | ० |
| | प्राविधिक माध्यमिक विद्यालय | १ |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र | ० |
| | नमुना विद्यालय | १ |
| | सामुदायिक सिकाइ केन्द्र | ४ |
| | क्याम्पस | १ |
| संस्थागत | प्रारम्भिकबाल विकास | १५ |
| | आधारभुत कक्षा १-५ मात्र | १० वटा |
| | आधारभुत कक्षा १-८ मात्र | ० वटा |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | **१० वटा** |
| | माध्यमिक कक्षा १-१० मात्र | ४ वटा |
| | माध्यमिक कक्षा १-१२ मात्र | ० |
| | **माध्यमिक विद्यालय कक्षा १-१२ कुल** | **४ वटा** |
| | **कुल विद्यालयहरु** | **१४ वटा** |
| | गृहणी विद्यालय कक्षा १० सञ्चालित | ० |



अनिता

अनिता कुमारी चौधरी

| | | |
|---|---|---|
| | खुल्ला विद्यालय कक्षा ९-१२ भएका | ० |
| | प्राविधिक माध्यमिक विद्यालय | ० |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र | ० |
| | नमुना विद्यालय | ० |
| | सामुदायिक सिकाइ केन्द्र | ० |
| | क्याम्पस | ० |
| जम्मा | प्रारम्भिकबाल विकास | ४४ वटा |
| | आधारभुत कक्षा १-५ मात्र | २१ वटा |
| | आधारभुत कक्षा १-८ मात्र | ८ वटा |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | २९ वटा |
| | माध्यमिक कक्षा १-१० मात्र | ९ वटा |
| | माध्यमिक कक्षा १-१२ मात्र | २ वटा |
| | **माध्यमिककक्षा १-१२कुल** | ११ वटा |
| | **कुल विद्यालयहरु** | **४० वटा** |
| | गृहणी विद्यालय कक्षा १० सञ्चालित | ० |
| | खुल्ला विद्यालय कक्षा ९-१२ भएका | ० |
| | प्राविधिक माध्यमिक विद्यालय | १ |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र | ० |
| | नमुना विद्यालय | १ |
| | सामुदायिक सिकाइ केन्द्र | ४ |
| | क्याम्पस | १ |

स्रोत : शिक्षा युवा तथा खेलकुद शाखा IEMIS Report 2081

त्यसैगरी यस पालिकामा वि.स. २०७७ बाट सबै सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ३ सम्म राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु हुदै आएकोमा मा हाल २०८० देखि USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम समेत कार्यान्वयनमा रहेको छ।



निता कुमारी चौधरी
नगर प्रमुख

### १.३समस्या र चुनौती

यस शम्भुनाथ नगरपालिकामा मुलत: शिक्षा क्षेत्रको अबस्थालाई नियाल्दा सकारात्मक पक्ष र नकारात्मक पक्ष वा सबल पक्ष र दुर्बल पक्ष रहेका छन् । यो त केवल एक सिक्काका दुई पाटा जस्तै हुन । शिक्षा क्षेत्रमा भएको विविध सरल र सकारात्मक पक्षहरु हुदाँहुदै पनि यसका समस्याहरु पनि हुन्छन र हामिले भोग्दै र अनुभव गर्दै आएका छौं ।

विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र भएकामा पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, महामारी तथा विपदको अवस्थामा वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त वालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । साथै लेखनपुर्व गरिएको कार्यशाला तथा सुझाबको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको न्युन सिकाइ उपलब्धी स्तर तथा न्युनत्तम सिकाइ वातावरण नहुनु, कक्षाकोठामा पर्याप्त मात्रामा शिक्षण सिकाइ सामाग्रीको ब्यबस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सहितको कक्षा शिक्षण, अभिभावकको सक्रियता लगायतका समस्याहरु रहेको छ ।

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन उत्तरदायित्व अभिबृद्दि गर्नु नगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी पाठ्यक्रमले राखे अनुसार अपेक्षित सिकाइ सक्षमता सहितको उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

विविध चुनौतिहरु विच पनि शैक्षिक क्षेत्रमा अव्वल परिवर्तन गर्नका निम्ति थुप्रै अवसरहरु पनि रहेको छ । कालो बादल भित्र सुन्दर चाँदिको घेरा हुन्छ भनेझै यी तमाम चुनौतिका वावजुत विद्यालय शिक्षाको सुदृढिकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ । शैक्षिक क्षेत्रमा यस पालिकाको शिक्षा क्षेत्रमा पनि लगानि बढ्दै गएको छ । यसैगरी यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षा क्षेत्र तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि नगरपालिकामा विभिन्न संघस्थाहरुले निरन्तर कार्यक्रम सञ्चालन गर्नु, शैक्षिक सूचकाङ्कहरुको प्रगति सकारात्मक दिशातिर हुनु पनि शिक्षाको अवसरका रुपमा हरेका देखिन्छन् । विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका, संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने । दीगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको । सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको । नगरपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्नसक्नु । शिक्षा गुणस्तर सुधारका लागि जस्तैः



अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग । शिक्षक पेसागत विकासका लागि पालिकास्तरमा विज्ञ समुह गठन गरिएको तथा विद्यालय स्तरमा शिक्षक सिकाइ समूह निर्माण गर्ने योजना भएको । शिक्षकको पेसागत सहयोगका लागि शिक्षक Mentoring and Coaching को व्यवस्था गरी Mentiशिक्षकहरुलाई पेसागत सहयोग निरन्तर रहेको, आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा अनिवार्य गर्न कानुनी आधार निर्माण भएको, बिद्यालयमा इन्टरनेट सेवा विस्तार तथा प्रविधिमैत्री शिक्षण सिकाइ का लागि आवश्यक स्रोत साधन सहित दक्ष शिक्षकको व्यवस्थापन गरिएको, दातृ निकायहरूको साझेदारी, समन्वय र सहकार्य रहेको ।, व्यवसायिक शिक्षा एवं तालिमको विस्तार गर्न सकिने प्रावधान हुनु । समुदायमा शिक्षाप्रतिको आकर्षण बढाउन अभिभावक शिक्षा कार्यक्रम पालिकाले तय गर्नु । बिशेष कक्षा संचालन (बहिरा आवासीय, दृष्टि विहिन तथा सुस्त मनस्थिति) ।

शम्भुनाथ नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन्-

- प्रारम्भिक बालविकासकेन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- माध्यमिक तहमा वालबालिकाको कमजोर पहुँच
- आर्थिकरुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको पँहुच कम हुनु विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- सिकाई उपलब्धी स्तरमा कमि
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु
- तहगत क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेटएवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको ।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको ।



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसकेको।
- कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न समस्या परेको।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक र गुटगत प्रभाव पर्नु।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु।
- अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहनु।

## १.५ दृष्टिकोण, सिद्धान्त र मान्यता

बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाका शैक्षिक अधिकार र अवसरका विषयलाई समस्याका रुपमा लिने र समस्या मात्र औँल्याउने, उनीहरुको क्षमता र सम्भावनाप्रति ध्यान नदिने, त्यस्तो समूहका बालिकाको शैक्षिक सहभागिताका विषयमा आउने समस्या र चुनौतीप्रति चासो कम राख्ने, त्यसमा उनीहरुकैदोष बढी देखाउने र सिकाइको अवसरबाट वञ्चित गराउनेप्रवृत्तिलाई बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालिकाको समावेशी शिक्षा रणनीतिले परम्परागत र रुढिवादी सोच ठान्छ। त्यस्ता बालबालिकाहरुको आवश्यकता, चाहना र क्षमताको पहिचान गर्ने, उनीहरुको विविध सांस्कृतिक परिवेशलाई प्रोत्साहन गर्ने, सिकाइ क्रियाकलापमा उनीहरुलाई समान रुपमा सहभागिता गराउने र त्यसका लागि विद्यालयलाई कार्यमूलक सहयोग गर्ने नीति र कार्यक्रमलाई आधुनिक दृष्टिकोण मान्छ।

शम्भुनाथ नगरपालिकाको बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच,विद्यालय शिक्षाका गतिविधिहरुमा पूर्ण सहभागिता, उनीहरुको विशेष आवश्यकतार फरक क्षमतालाई विविधताको रुपमा स्वीकार गर्छ र समावेशी शिक्षाको सिद्धान्तका रुपमा सम्मान गर्छ।

सबै बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालिकालाई आफू रहेकै समुदायमा शिक्षा पाउने अधिकार छ। सबै बालिकाले सिक्न सक्छन्। समावेशी शिक्षालाई सम्मान गर्ने समुदायमा स्थानीय संलग्नता र स्वामित्वको भावना हुनुपर्छ। बालिकाका लैङ्गिक, जातजातिगत, भाषिक, अपाङ्गता सम्बन्धी विविधतालाई सम्बोधन गर्नुपर्छ र बाँच्न पाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने र विकास गर्न पाउने अधिकारलाई सम्बोधन गर्नुपर्छ। शैक्षिक संरचना, प्रणाली र पठनपाठन विधिहरु त्यस्ता बालिकाको आवश्यकता सुहाउँदो हुनुपर्दछ। यस शिक्षा रणनीति समुदायलाई अभिवृद्धि गर्ने एक फराकिलो रणनीतिको एक अंश हो। यसले सँगै बसौँ र एक अर्काबाट सिकौँ भन्ने मान्यतामा जोड दिनुपर्छ। यसलाई बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाको समावेशी शिक्षा रणनीतिको मान्यताका रुपमा लिन्छ।

## १.६विद्यालय सुधार योजनामा अनुकूलन

विद्यालय सुधार योजना समग्र विद्यालयको मुहार हो। विद्यालयको सम्पुर्ण शैक्षिक भौतिक आर्थिक सामाजिक लगायतका चौतर्फी पक्षको बारेमा सुक्ष्म अध्ययन गरी विद्यालयलाई कसरी राम्रो विद्यालयका रुपमा स्थापित गराउन सहयोग गर्ने अस्त्र हो। शम्भुनाथ नगरपालिका क्षेत्रमा रहेका सबै विद्यालयले आफूले बनाउने विद्यालय सुधार योजनाको परिस्थिति र अवस्था विश्लेषण खण्डमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालिकाकाको सामाजिक र शैक्षिक अवस्था झल्काउने तथ्याङ्कहरु समावेश गर्नुपर्ने छ। विद्यालयको दूरदृष्टि बनाउँदा समावेशी सोच राख्नु पर्नेछ। योजनाका शैक्षिक उद्देश्यहरुले समावेशी शिक्षाका सिद्धान्तलाई सम्बोधन गर्नुपर्नेछ। योजना निर्माणका क्रममा विद्यालयको शैक्षिक आवश्यकता पहिचान र प्राथमिकीकरण गर्दा अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकतालाई प्राथमिकता दिनु पर्नेछ। बालिका र अपाङ्गता भएका बालिकाको शैक्षिक आवश्यकता पूरा गर्ने लक्ष्यहरु निर्धारण गर्नुपर्नेछ। विद्यालयका शैक्षिक कार्यकलापहरु विकास गर्दा बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालिकाका लागि विद्यालयले गर्नुपर्ने कार्यहरुको सूची तयार गर्नुपर्नेछ। नगरपालिका, वडाकार्यालय र



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

विद्यालयले शैक्षिक योजना र नीतिमा बजेट अनुमान गर्दा बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालिकाहरुको शैक्षिक आवश्यकता र अपाङ्गता मैत्री भौतिक संरचनाका लागि कार्यक्रम शीर्षक र अनुमानित बजेट उल्लेख गर्नुपर्नेछ।

## परिच्छेद दुई- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

### २.१ सोच

लैङ्गिक, समतामूलक र समावेशी शिक्षा: समान, सुरक्षित र गुणस्तरीय शिक्षाको सुनिश्चतता।

### २.२ ध्येय

समान, सुरक्षित र गुणस्तरीय शिक्षाका लागि बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायको पहुँच, सहभागिता र उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्न मार्ग दर्शन प्रदान गर्नु।

### २.३ उद्देश्य र रणनीति

**उद्देश्य२.३.१ बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालिकालाई पहुँच योग्य, सुरक्षित र संरक्षित वातावरणयुक्त समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने।**

**रणनीति** २.३.१.१ स्थानीय तहको शिक्षा सम्बन्धी आवधिक योजना तथा वार्षिक कार्यक्रमबाट बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालिकाका आवश्यकता र समस्यालाई सम्बोधन गर्ने।

**रणनीति** २.३.१.२ विद्यालय र शैक्षिक संस्थाहरुमा अवरोधमुक्त, सुरक्षित र समावेशी भौतिकपूर्वाधारको विकास गर्ने।

**रणनीति** २.३.१.३ शैक्षिक सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन नीतिमा बालिका शिक्षा, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालिकाहरुको समावेशी शिक्षाको उद्देश्य, रणनीति र कार्यक्रम समावेश हुने गरी परिमार्जन गर्ने।

**रणनीति** २.३.१.४ विद्यालयको शैक्षिक पठनपाठन र मूल्याङ्कन नीतिलाई बालिका, अपाङ्गतामैत्री र समावेशी बनाउने।

**उद्देश्य २.३.२ बालिकामैत्री, लैङ्गिक र समावेशी उपागममा आधारित स्थानीय तहको शिक्षा योजना,नीति र कार्यविधि निर्माण गर्ने।**

**रणनीति** २.३.२.१ योजना र नीति निर्माणमा सुविधाविहीन समुदायमा पर्ने अपाङ्गता भएका, तेस्रो लिङ्गी, आर्थिक रुपले विपन्न, दलित,सीमान्तकृत समुदायका बालबालिका लगायतको लक्षित समूहको सहभागिता हासिल गर्ने।

**रणनीति** २.३.२.२ स्थानीय तहको बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिका लागि शिक्षा कार्यविधि निर्माण गर्ने।

**रणनीति** २.३.२.३ विद्यालय शिक्षालाई मूलप्रवाहीकरण गर्ने।

**रणनीति**२.३.२.४ नगर स्तरीय शिक्षा योजनामा लैङ्गिक संवेदनशीलता, लैगिक समता, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक शिक्षण विषयका रणनीतिहरु समावेश गर्ने।

**रणनीति** २.३.२.५ विद्यालयका बालिका र छात्राहरु बढी लाभान्वित हुने शैक्षिक योजना र नीतिहरु तय गर्ने।

**रणनीति** २.३.२.६ योजना र कार्यक्रमहरुलाई वितरणात्मक न्याय र समतामा आधारित बनाउने।

**रणनीति** २.३.२.७ स्थानीय तहको शिक्षा योजनामा सम्बन्धी स्थानीय तहको क्षमता विकास गर्ने।

**उद्देश्य २.३.३ स्थानीय तह र विद्यालयमा बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल गठन, पुनर्गठन गर्ने।**



अनिता
अनिता कुमारी ...
का.वा. ...

**रणनीति** २.३.३.१ स्थानीय तह, वडा सरकार र विद्यालयमा गठन हुने विभिन्न समितिहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका महिलाको प्रतिनिधत्व हुने व्यवस्था गर्ने।

**रणनीति** २.३.३.२ बालिका तथा समावेशी शिक्षा र सीमान्तकृत समुदायको हीत हुने नीतिको पक्ष र नीति कार्यान्वयनमा पैरवी गर्ने क्षमता विकास गर्ने।

**रणनीति** २.३.३.३ बालिका, अपाङ्गता भएका व्यक्ति र सुविधा विहीन समुदायलाई सशक्तीकरण गर्ने नीति र कार्यक्रम तर्जुमा गर्ने।

**रणनीति** २.३.३.४ बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालिकाको विद्यालय शिक्षामा भर्ना दर, उपस्थिति दर, सह तथा अतिरिक्त क्रियाकलापमा सहभागिता दर,कक्षामा टिकाउ दर र सिकाइ उपलब्धिको दर जस्ता समावेशी शैक्षिक सूचकलाई शिक्षा योजनामा समावेश गर्ने।

**उद्देश्य२.३.४ बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न सहजीकरण गर्ने।**

**रणनीति** २.३.४.१ स्थानीय सरकारले परीक्षाको नतिजा सुधारका कार्यक्रमहरु सञ्चालन गर्न विद्यालयलाई आर्थिक सहायता र तालिमको व्यवस्था गर्ने।

**रणनीति** २.३.४.२ विद्यालयमा सञ्चालन अवस्था(विद्यालयमा पठनपाठन हुने दिन, विद्यार्थी उपस्थिति र शिक्षक उपस्थिति) वृद्धि गर्ने।

**रणनीति** २.३.३.३ पालिकास्तरीयसिकाइ उपलब्धि परीक्षण गर्ने गराउने।

**रणनीति** २.३.४.४ परीक्षा व्यवस्थापन र मूल्याङ्कनका साधनहरुलाई अपाङ्गतामैत्री बनाउने।

**उद्देश्य २.३.५ बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाकोबारेमा सचेतीकरण गर्ने।**

**रणनीति** २.३.५.१ बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाबारेमा प्रबोधीकरण गर्ने।

**रणनीति** २.३.५.२ बालिका सञ्जाल, बालक्लब, स्काउट, जुनियर रेडक्रस आदिको गठन गर्ने र क्षमता विकास तालिम प्रदान गर्ने।

**रणनीति** २.३.५.३ अभिभावकको संलग्नता र भूमिका विषयमा अभिभावक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने।

**रणनीति** २.३.५.४ पुस्तक, ब्रोस्योर, पर्चा, घरमा राखिने भित्तेपात्रो आदि सामग्रीको प्रकाशन गर्ने।

**रणनीति** २.३.५.५ गाउँ, टोल, चोक र सार्वजनिक स्थलहरुमा ब्यानर र साइनबोर्डहरु प्रदर्शन गर्ने।

**रणनीति** २.३.५.६ स्थानीय एफएम रेडियोहरुबाट सन्देश, नारा, अनुरोध आदि प्रसारण गर्ने।

**रणनीति** २.३.५.७ सामाजिक सञ्जालहरुमार्फत् छोटो भिडियो क्लिप, जानकारी आदि प्रचार-प्रसार गर्ने।

**उद्देश्य २.३.६ बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने।**

**रणनीति** २.३.६.१ पालिका र वडास्तरीय समितिहरुको बैठकमा बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको लागि देखापरेका समस्या र समाधनका उपायहरुका बारेमा छलफल गर्ने।

**रणनीति** २.३.६.२ नछुटने र नदोहोरिने गरी संयन्त्रमा रहने सबै सदस्यहरुको काम, कर्तव्य र भूमिकाको विवरण तयार गर्ने।

**रणनीति** २.३.६.३ उद्देश्य, कार्यक्रम र प्रगतिको बारेमा नियमित र स्पष्ट सञ्चार हुने व्यवस्था मिलाउने।



अनिता
अनिता कुमारी चौधरी
न.पा. नगर प्रमुख

**रणनीति** २.३.६.४ बैठकमा प्रस्ताव, छलफल, सारांश, सहमति र निर्णय प्रक्रियालाई नियमित रुपमा अवलम्बन गर्ने।

**रणनीति** २.३.६.५ विभिन्न निकायहरुसँग गरिने समन्वयका लागि छिटो, भरपर्दो र विश्वसनीय सञ्चारका साधनहरुको प्रयोग गर्ने।

**रणनीति** २.३.६.६ बैठक, कार्यशाला, तालिम, मामिलाहरुमा प्रभावकारी सञ्चार सिप र सहजीकरण सिपको प्रयोग गर्ने।

**उद्देश्य २.३.७ बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको नतिजामुखी अनुगमन मूल्याङ्कन गर्ने।**

**रणनीति** २.३.७.१ बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको निरन्तर अनुगमन गर्ने।

**रणनीति** २.३.७.२ बालिका शिक्षा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका बालबालिकाहरुको शैक्षिक तथ्याङ्क सङ्कलन गर्ने।

**रणनीति** २.३.७.३ बालिका शिक्षा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका बालबालिकाहरुको मामिला अध्ययन गर्ने।

**रणनीति** २.३.७.४ अनुगमनबाट सङ्कलित तथ्याङ्क र मामिला अध्ययनका प्राप्ति र सुझावलाई नीति तथा योजना निर्माण र हस्तक्षेपकारी कार्यक्रम विकासमा प्रयोग गर्ने।

**उद्देश्य २.३.८ बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको कार्यान्वयनमा सुधार गर्ने।**

**रणनीति** २.३.८.१ विद्यालय शिक्षामा आवश्यकतानुसार पठनपाठन सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने।

**रणनीति** २.३.८.२ कक्षामा बसाइ व्यवस्थापनलाई समतामा आधारित बनाउने।

**रणनीति** २.३.८.३ बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाका अभिभावकको अवसर लागत न्यूनीकरण गर्ने।

**रणनीति** २.३.८.४ बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाको सिकाइ सम्बन्धी कार्यगत सीमितता पहिचान गर्ने।

**रणनीति** २.३.८.५ बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाको सिकाइ सम्बन्धी कार्यगत सीमितता पहिचान गर्ने।

**रणनीति** २.३.८.६ सीमान्तकृत समुदायका बालबालिकाहरुका लागि बहुभाषिक शिक्षण व्यवस्थापन र बहुपाठ्यपुस्तक प्रयोग नीति अवबलम्बन गर्ने।

## परिच्छेद तीन- संयन्त्र संरचना र कार्यविवरण

### ३.१ संयन्त्र संरचना नीति र कार्यविवरण

**नीति ३.१.१ स्थानीय तहको पालिका वडा र विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने।**

**रणनीति** ३.१.१.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समिति गठनको व्यवस्था गर्ने।

**रणनीति** ३.१.१.२स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य रजिम्मेवारी तोक्ने।

**नीति ३.१.२ स्थानीय तहको वडा स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने।**



अनिता
अनिता कुमारी चौधरी
...नगर प्रमुख

**रणनीति** ३.१.२.१स्थानीय शिक्षा ऐन र कार्यविधिमा वडा स्तरीय बालिका समावेशी शिक्षा समिति गठन गर्ने।

**रणनीति** ३.१.२.२स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य जिम्मेवारी तोक्ने।

**नीति ३.१.३स्थानीय तहको विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने।**

**रणनीति** ३.१.३.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा विद्यालयस्तरीय बालिका संमावेशी शिक्षा समिति गठन गर्ने।

**रणनीति** ३.१.३.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा विद्यालय स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य जिम्मेवारी तोक्ने।

## परिच्छेद चार-स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा रणनीतिको कार्यान्वयन योजना र अनुगमन

### ४.१ कार्यान्वयन तथा अनुगमन कार्ययोजना

| | उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|---|
| १ | बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालिकालाई पहुँच योग्य, सुरक्षित र संरक्षित वातावरणयुक्त समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने। | आवधिक योजना तथा वार्षिक कार्यक्रम निर्माण | परिमार्जित आवधिक योजना पुस्तिका र वार्षिक नीति तथा कार्यक्रम पुस्तिका | योजना समिति, नगर शिक्षा समिति र शिक्षा शाखा | आवधिक योजनाको समीक्षाको समयमा र नगर सभाको समयमा | आवधिक योजना पुस्तिकामा समाविष्ट रणनीति र वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तकमा कार्यक्रम र बजेट विवरण |
| | | अपाङ्गताप्रमाणितभएकाबालबालिकाकोजन्मदर्ता, विद्यालयभर्नातथापुनर्स्थापनागर्ने | जन्मदर्ता र विद्यालय भर्नाबाट अपाङ्गता भएका बालबालिकाको अभिलेख | स्थानीय तह पञ्जीकरण शाखा र महिला तथा बालबालिका शाखा | | |
| | | अवरोधमुक्त, सुरक्षित र समावेशी भौतिकपूर्वाधारको विकास | साङ्ग र सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुलाई पहुँच मार्ग, प्रवेशद्वार,स्कुलको आँगन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, पुग्ने | पालिकाका भौतिक निर्माणका प्राविधिक कर्मचारी,विद्यालयका निर्माण समिति र प्रधानाध्यापक | भवन निर्माण र मरम्मतको समयमा | पहुँच मार्ग, प्रवेशद्वार, स्कुलको आँगन, कक्षाकोठा पुग्ने सिंढी, ढोकाहरुको अवस्था |



अनिता/
अनिता कुमारी चौधरी
उप. नगर प्रमुख

| | उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|---|
| | | | सिँढी, ढोकाहरुमा सहजै आवतजावत गर्न सकिने र दिनभर कक्षाकोठामा बसेर पढन सकिने सुविधा | | | शौचालय धारापानी |
| | | शैक्षिक सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन नीति निर्माण | पहुँच योग्य, सुरक्षित र संरक्षित वातावरणयुक्तसमावेशी विद्यालयको उपलब्धता | पालिकाका अनुगमन शाखाका प्राविधिक कर्मचारी, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक | अनुगमनको समयमा निरन्तर | पालिकामा बनेका शैक्षिक सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनका नीतिहरु |
| | | व्यक्तिगत स्थिति सर्वेक्षण गर्न सहजीकरण गर्ने | सर्वेक्षण प्रतिवेदन उपलब्ध | शिक्षा शाखा | हरेक शैक्षिक सत्र शुरु हुनुअगावै | सर्वेक्षण फाराम, सर्वेक्षक र सर्वेक्षण प्रतिवेदन |
| | | विद्यालयमा न्यूनतम सक्षमताको अवस्था (Minimum Enabling Conditions ) सिर्जना गर्न सहयोग गर्ने | विद्यालयमा न्यूनतम सक्षमता सुविधा | पालिकाका अनुगमन शाखाका प्राविधिक कर्मचारी, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक | निरन्तर | बैठक र निर्णय, न्यूनतम सक्षमता सुविधाका सूचकहरु र भौतिक सुविधाका सूचकहर |
| | | बालिका, अपाङ्गतामैत्री र समावेशी पठनपाठन र मूल्याङ्कन नीति | हिङ्सामुक्त र लैङ्गिक मैत्री पठनपाठन र मूल्याङ्कन विधिहरुको प्रयोग | प्रधानाध्यापक, शिक्षक र बालक्लब | पठनपाठन र मूल्याङ्कनको समयमा निरन्तर | पठपाठन विधि र परीक्षाका प्रश्नपत्र र आन्तरिक मूल्याङ्कन विधि |
| २ | बालिकामैत्री, लैङ्गिक र समावेशी उपागममा आधारित स्थानीय | योजना र नीति निर्माणमा सुविधाविहीन समुदायमा पर्ने अपाङ्गता भएका, तेस्रो लिङ्गी, आर्थिक रुपले विपन्न, दलित, सीमान्तकृत समुदायका बालबालिका लगायतको लक्षित समूहको सहभागिता | लक्षित समूहको सन्तुष्टि र विद्यालय शिक्षामा बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका | योजना समिति, नगर शिक्षा समिति र शिक्षा शाखा | योजनाको निर्माण र परिमार्जन भएको समयमा | शिक्षा योजना, लैङ्गिक शिक्षा नीति |



अनिता
ता कुमारी चौधरी
नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| तहको शिक्षा योजना,नीति र कार्यविधि निर्माण गर्ने । | | बालिकाहरुको उत्साहजनक सहभागिता | | निरन्तर | |
| | बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिका लागि समावेशी शिक्षा कार्यविधि निर्माण | समावेशी शिक्षा कार्यविधि | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति र शिक्षा शाखा | रणनीति बनेपछि | बैठकको उपस्थिति, पालिका प्रमुखबाट प्रमाणित कार्यविधि |
| | बालिका, सबै प्रकारका अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकालाई विद्यालय शिक्षाको मूलप्रवाहीकरणमा समेटने कार्यक्रमको सञ्चालन | बालिका, सबै प्रकारका अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकालाई विद्यालय शिक्षाको मूलप्रवाहीकरणमा समेटिएको अनुभूति | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति र शिक्षा शाखा | विद्यालय शिक्षामा निरन्तर | कक्षामा निरन्तर उपस्थिति र अभिभावकको प्रतिक्रिया |
| | लैङ्गिक संवेदनशीलता, लैगिक समता, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक उत्तरदायी शिक्षण विषयका रणनीति निर्माण र परिमार्जन | रणनीति पुस्तिकाको छपाइ, प्रकाशन र वितरण | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | बैठकको उपस्थिति, प्रमाणित रणनीति पुस्तिका र उपलब्धता |
| | बालिका, सीमान्तकृत समुदायका र अपाङ्गता भएका छात्राहरु बढी लाभान्वित हुने शैक्षिक योजना,नीति निर्माण र कार्यक्रम बजेट | छात्रवृत्ति, साइकल, ह्वील चेयर, झोला, पोसाक, बचत योजना जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरु | योजना शाखा, शिक्षा शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, वडा कार्यालय, विद्यालय | शैक्षिक सत्र शुरुको समयमा | प्रोत्साहनमूलक कार्यक्रमको विवरण, निर्णय र लाभान्वित हुने छात्राहरुको सङ्ख्या |
| | न्याय र समतामा आधारित कार्यक्रम | बेटी बचाऊ, बेटी पढाऊकार्यक्रमलागू | शिक्षा शाखा र महिला बालबालिका तथा | निरन्तर | निर्णय,कार्यक्रम को नारा, समुदायमा |



अनिता
अनिता कुमारी चौधरी
नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| | | गर्ने<br>बालिका बचत कार्यक्रम<br>सिमान्तकृत समुदायका बालिकाका लागि टोलमा थप कक्षा सञ्चालन | ज्येष्ठ नागरिक शाखा, वडा कार्यालय, विद्यालय | | नाराकव प्रभाव, बचत कार्यक्रम को कार्यविधि, बचत विधि, थप कक्षाको समय तालिका, थप कक्षामा उपस्थित विद्यार्थी |
| | स्थानीय तहको शिक्षा योजनामा सम्बन्धी स्थानीय तहको क्षमता विकास | स्थानीय तहको शिषा योजनाको उपलब्धता र वेब साइटमा प्रकान | शिक्षा शाखा र योजना निर्माणमा खटिने प्राविधिक समूह | शैक्षिक सत्र शुरु हुनु अगावै | तयारी बैठक, शैक्षिक तथ्याङ्क सङ्कलनको वेधता र विश्वसनियता |
| | शिक्षक दरबन्दी मिलान र तहगत विद्यालय प्रधनाध्यापक व्यवस्थापनमा महिला शिक्षकको अनुपात र सहभागितालाई प्राथमिकता दिने | दरबन्दी मिलान भएका र तहगत विद्यालयमा महिला शिक्षक र महिला प्रधानाध्यापक | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा | शैक्षिक सत्र शुरु हुनु अगावै र निरन्तर | शिक्षक दरबन्दीको तथ्याङ्क, दरबन्दी मिलान कार्यविधि, तहगत शिक्षक दरबन्दीको अवस्था, महिला प्रधानाध्यापक को व्यवस्था |
| | बालिका तथा समावेशी शिक्षा सम्बन्धी अवस्था चित्र (Fact sheet) विकास जारी गर्ने र प्रत्येक वर्ष अद्यावधिक गर्ने | बालिका तथा समावेशी शिक्षा सम्बन्धी अवस्था चित्र उपलब्ध | नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा | प्रत्येक वर्ष निरन्तर | तथयाङ्क सङ्कलन, बैठक माइन्युट, निर्णय, जारी गरिएको अवस्था चित्र |
| ३ स्थानीय तह र विद्यालयमा बालिका तथा समावेशी शिक्षासम्बन्धी | बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीतिक योजना तर्जुमा गर्ने | रणनीतिक योजनाको उपलब्धता | नगर शिक्षा समिति, न्यायिक समिति, महिला शाखा, सामाजिक विकास समिति, | आगामी आ.व.को शुरुमा | योजना तर्जुमा कार्यशालाको सङ्ख्या र उपस्थिति, योजना तर्जुमा |



अनिता
अनिता कुमारी चौधरी
उप-नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| सञ्जाल गठन, पुनर्गठन गर्ने। | | | शिक्षा शाखा | | प्रक्रिया, योजनाको खाका र व्यावहारिकता |
| | विभिन्न समितिहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका महिलाको प्रतिनिधत्व हुने व्यवस्था | बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका महिलाहरु सक्रिय र उत्साहित भएको देखिने | नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा | निरन्तर | समितिको संरचना, समावेशी सहभागिता र महिला पुरुषको अनुपात |
| | बालिका तथा समावेशी शिक्षा र सीमान्तकृत समुदायको हीत हुने नीतिको पक्ष र नीति कार्यान्वयनमा पैरवी गर्ने क्षमता विकास | बैठक, गोष्ठी, कार्यशाला, अभियान, दिवस, भेलाहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका व्यक्तिहरुको प्रभावकारी सञ्चार सीप | नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा | निरन्तर | उपस्थिति, मुद्दाहरु, छलफलमा सहभागिता, निर्णय, पैरवीमा अडान, सन्तुष्टि, द्वन्द्व व्यवस्थापन |
| | बालिका, अपाङ्गता भएका व्यक्ति र सुविधा विहीन समुदायलाई सशक्तीकरण गर्ने नीति र कार्यक्रम तर्जुमा | सशक्तिकरणका कार्यक्रम समावेश भएको पालिकाको वार्षिक नीति र कार्यक्रम तथा बजेट | गोजना निर्माण समिति, आर्थिक समिति, नगर शिक्षा समिति, सामाजिक विकास समिति,शिक्षा शाखा, महिला शाखा | प्रत्येक वर्ष असार महिनाको बजेट नगरसभा | नीति र कार्यक्रमको प्रकार, सङख्या, बजेट, बजेटको स्रोत, कार्यान्वयनमा सहजता, |
| | समावेशी शैक्षिक सूचकलाई शिक्षा योजनामा समावेश | पालिकामा समावेशी शैक्षिक सूचकहरु समावेश भएको विद्यालय शिक्षा क्षेत्रको योजना र विद्यालयमा | नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन | लगत्तै र निरन्तर | सूचकहरुको प्रकार र सङ्ख्या, विद्यालय शिक्षा क्षेत्रको योजना, शैक्षिक झलक, विद्यालय सुधार |



अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

| | उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|---|
| | | | विद्यालयको सुधार योजना | समिति, प्रधानाध्यापक र बालक्लब | | योजना |
| | | लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थालाई कार्यान्वयन र सुदृढीकरण गर्ने | पालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, स्थानीय शैक्षिक सङ्घ संस्थाहरुमा लैङ्गिक सम्पर्क व्यक्तिको उपलब्धता | सामाजिक विकास समिति, लैङ्गिक तथा समावेशी शिक्षा सञ्जाल, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बालक्लब | निरन्तर | निर्णय, लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था, जानकारी र फ्लेक्समा प्रदर्शन |
| | | बालिकातथासमावेशीशिक्षासञ्जालमाविद्यालयनर्स/ वडाका आधारभूत स्वास्थ्य केन्द्रका नर्सकोसहभागितासुनिश्चित तगर्ने | विद्यालय नर्सको व्यवस्था र विद्यालय नर्सबाट बालिकाहरुको समस्या पहिचान र समाधानका उपायहरुको सिफारिस | सञ्जाल, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बालक्लब | निरन्तर | नर्सको उपस्थिति, समस्या र समाधानका उपायहरुको सूची |
| ४ | बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न सहजीकरण गर्ने। | परीक्षाको नतिजा सुधारका कार्यक्रमहरु जस्तैः उपचारात्मक शिक्षण, कौचिङ कक्षा आदि सञ्चालन गर्न विद्यालयलाई आर्थिक सहायता र तालिमको व्यवस्था | परीक्षाको नतिजा सुधारका कार्यक्रमहरुको सञ्चालन, विद्यालयलाई अनुदान र शिक्षक तालिम | नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बालक्लब | वर्षमा २ पटक | परीक्षाको नतिजा सुधारका कार्यक्रमहरुको विवरण, नमुना परीक्षा, विद्यालयलाई अनुदान रकम, शिक्षक तालिमको पाठ्यक्रम र तालिम प्राप्त शिक्षक |
| | | विद्यालयमा सञ्चालन अवस्था(विद्यालयमा पठनपाठन हुने दिन, शिक्षक र विद्यार्थी उपस्थिति) मा वृद्धि | विद्यालयमा पठनपाठन हुने दिन, विद्यार्थी उपस्थिति | शिक्षा शाखा, महिला शाखा, विद्यालय | निरन्तर | विद्यालयमा पठनपाठन हुने दिन, विद्यार्थी |



अनिता कुमारी चौधरी

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| | | र.शिक्षक उपस्थिति दिनको सङ्ख्या उच्च | व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक | | उपस्थिति र शिक्षक उपस्थिति दिनको सङ्ख्या |
| | नगर स्तरीय सिकाइ उपलब्धि परीक्षण गर्ने गराउने | कक्षा ३, कक्षा ५ र कक्षा ८ को नमुना सिकाइ उपलब्धि परीक्षण प्रतिवेदहरु तयार | शिक्षा शाखा, महिला शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक | शैक्षिक वर्षमा एक पटक | निर्णय, कार्यक्रम प्रस्ताव, नमुना छनौट, परीक्षण साधन, परीक्षण समिति, विद्यालयमा बैठक, अनुगमन, मूल्याङ्कनका साधन, प्रतिवेदन |
| | स्रोत कक्षाहरुको सञ्चालन तथा व्यवस्थापन सुदृढ गर्ने | नगरमा कम्तिमा एक ओटा समावेशी पठनपाठनको स्रोतकक्षा | शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, स्रोतशिक्षक | निरन्तर | स्रोतकक्षाको स्थापना, कक्षाकोठा, बजेट रकम, पठनपाठन विधि, विद्यार्थी सङ्ख्या, स्रोतशिक्षकको उपलब्धता र प्रभावकारिता |
| | प्रारम्भिक तहका कक्षामा सीमान्तकृत समुदायको मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने | प्रारम्भिक तहका कक्षामा सीमान्तकृत समुदायको मातृभाषामा पठनपाठन र प्रसन्न बालिका | शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, मातृभाषामा पठनपाठन गर्ने शिक्षक | निरन्तर | मातृभाषामा पढने विद्यार्थी, पठनपाठन गर्ने शिक्षक, मातृभाषामा पठनपाठन भइरहेको कक्षा |
| | लैङ्गिक भेदभाव र हिंसा अन्त्य गर्न गुनासो सुनुवाइसम्बन्धी संयन्त्रलाई व्यवस्थित गर्ने र तनावमुक्त सिकाइ वातावरण निर्माण गर्ने | गुनासो सुनुवाइ संसन्त्रको गठन<br>तनावमुक्त बालिका र अपाङगता भएका | शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, | निरन्तर | गुनासो सुनुवाई संयन्त्र, कार्यविधि, तनावव मुक्त |



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| | | र सीमान्तृक समुदायका बालिका | प्रधानाध्यापक, मातृभाषामा पठनपाठन गर्ने शिक्षक | | बालिका र अपाङ्गता भएका बालिका |
| ५ बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाकोबारेमा सचेतीकरण गर्ने। | बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाबारेमा प्रबोधीकरण | श्रव्य, दृश्य, पाठ्य र डिजिटल सामग्रीहरु तयार | शिक्षा शाखा, महिला शाखा र खरिद शाखा | निरन्तर | श्रव्य, दृश्य, पाठ्य र डिजिटल सामग्रीहरुको प्रकार, गुणस्तर र प्रभावकारिता |
| | बालिका सञ्जाल, बालक्लब, स्काउट, जुनियर रेडक्रस आदिको गठन गर्ने र क्षमता विकास कार्यक्रम प्रदान | बालिका सञ्जाल, बालक्लब, स्काउट, जुनियर रेडक्रस गठन र<br>क्षमता विकासका कार्यक्रमहरुको विकास र सञ्चालन | शिक्षा शाखा, महिला शाखा | निरन्तर | सञ्जाल र क्लबहरुको गठन, समितिको पूर्णता, सक्रियता, तालिमको पाठ्यक्रम, क्षमता विकासको स्वरुप र प्रभावकारिता |
| | अभिभावकको संलग्नता र भूमिका विषयमा अभिभावक शिक्षाका कार्यक्रमहरु सञ्चालन | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | शिक्षा शाखा, महिला शाखा र विद्यालय | वर्षमा एक पटक | अभिभावक शिक्षाको स्रोत सामग्री र अभिभावक शिक्षा तालिमको कार्यक्रम |
| | पुस्तक, ब्रोस्योर, पर्चा, घरमा राखिने भित्तेपात्रो स्रोतपुस्तक चित्र पुस्तक, फ्लिप चार्ट आदि जस्ता छापाका सामग्रीको प्रकाशन | छापाका सामग्री उपलब्ध | शिक्षा शाखा, महिला शाखा र खरिद शाखा | वर्षमा एक पटक | छापाका सामग्रीको भौतिक र शैक्षिक गुणस्तर, विषयवस्तु, उपलब्ध सङ्ख्या, प्रयोजन, |



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| | | | | | प्रयोगकर्ता |
| | गाउँ, टोल, चोक र सार्वजनिक स्थलहरुमा ब्यानर र साइनबोर्डहरु प्रदर्शन | ब्यानर र साइनबोर्डहरु | शिक्षा शाखा, महिला शाखा र वडा कार्यालय | वर्षमा एक पटक | गुणस्तर, विषयवस्तु, उपलब्ध सङ्ख्या, प्रयोजन, प्रयोगकर्ता |
| | स्थानीय एफएम रेडियोहरुबाट सन्देश, नारा, अनुरोध आदि प्रसारण | सन्देश, नारा, अनुरोध आदि जस्ता सन्देशहरु प्रसारण | शिक्षा शाखा, महिला शाखा | निरन्तर | सान्दर्भिकता, भौतिक गुणस्तर र निरन्तरता |
| | सामाजिक सञ्जालहरु मार्फत् छोटो भिडियो क्लिप, जानकारी आदिको प्रचार-प्रसार | सामाजिक सञ्जालहरुमा छोटो भिडियो क्लिप, जानकारी आदिमा उपलब्ध | शिक्षा शाखा, महिला शाखा | निरन्तर | सान्दर्भिकता, भौतिक र डिजिटल गुणस्तर, निरन्तरता |
| | बालविवाह रोकथाम गरी पढाइ लेखाइलाई जारी राख्न प्रोत्साहित गर्ने | बालविवाह अस्वीकर गर्ने र पढाइ लेखाइ जारी राख्ने बालिकाको सङ्ख्या | शिक्षा शाखा, महिला शाखा, बालिका सञ्जाल, बालक्लब | निरन्तर | बालविवाहको सङ्ख्या, विद्यालयमा किशोरीहरुको सङ्ख्या र विद्यालय टिकाउ दर |
| ६ बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने। | पालिका र वडास्तरीय समितिहरुको बैठकमा बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको लागि देखापरेका समस्या र समाधनका उपायहरुका बारेमा छलफल | पालिका र वडास्तरीय समितिहरुको बैठकमा बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको लागि देखापरेका समस्या र समाधनका उपायहरुका बारेमा निर्णयहरु पारित | कार्यपालिका र विषयगत समिति, शाखागत समितिका पदाधिकारी र विषयगत शाखाका कर्मचारी | निरन्तर | बैठक सङ्ख्या, सहभागी विवरण, उपस्थिति, प्रस्ताव, छलफल, बहस, निर्णय र निष्कर्ष |
| | नछुटने र नदोहोरिने गरी संयन्त्रमा रहने सबै | काम, कर्तव्य र | लैङ्गिक समिति, | वर्षमा एक | काम, कर्तव्य र |



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

| | उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|---|
| | | सदस्यहरुको काम, कर्तव्य र भूमिकाको विवरण तयारी र अद्यावधिककरण | भूमिकाको सूची | शिक्षा शाखा र महिला शाखा | पटक | भूमिकाको स्पष्टता र व्यावहारिकता |
| | | उद्देश्य, कार्यक्रम र प्रगतिको बारेमा नियमित र स्पष्ट सञ्चार प्रवाह हुने व्यवस्था | बैठक, गोष्ठी, कार्यशालाहरु र सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुति | लैङ्गिक समिति, शिक्षा शाखा र महिला शाखा र सम्पर्क व्यक्ति | निरन्तर | सञ्चारका तरिका, विषयवस्तु, भाषा शैली, उठेका जिज्ञासाहरुको समाधान |
| | | विभिन्न निकायहरुसँग गरिने समन्वयका लागि छिटो, भरपर्दो र विश्वसनीय सञ्चारका साधनहरुको प्रयोग | इमेल, ह्वाट्स एप, हुलाक, कुरीयर, सहयोगी कर्मचारीको प्रयोग | विषयगत शाखा | निरन्तर | साधनको प्रयोग र सञ्चारको प्रवाह गति |
| | | बैठक, कार्यशाला, तालिम, मामिलाहरुमा प्रभावकारी सञ्चार सिप र सहजीकरण सिपको प्रयोग | | | | |
| ७ | बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन गर्ने। | बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको निरन्तर अनुगमन | अनुगमन | अनुगमन समिति र शाखागत कर्मचारी | निरन्तर | कार्यक्रमको प्रस्ताव, गुणस्तर प्रभावकारिता |
| | | लिका शिक्षा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका बालबालिकाहरुको शैक्षिक तथ्याङ्क सङ्कलन | वर्गीकृत तथ्याङ्कहरु उपलब्ध | शिक्षा शाखा र महिला शाखा | कार्यक्रम सञ्चालन भएको समयमा | शैक्षिक तथ्याङ्क सङ्कलक, विधि, नमुना प्रयोग, साधन, तथ्याङ्कको क्रसचेक, अन्तिमिकरण र प्रकाशन |
| | | बालिका शिक्षा, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका बालबालिकाहरुको मामिला अध्ययन, बेसलाइन सर्वेक्षण गर्ने र मध्यवधि तथा अन्तिम मूल्याङ्कन गर्ने | मामिला अध्ययन, बेसलाइन सर्वेक्षण गर्ने र मध्यवधि तथा अन्तिम मूल्याङ्कनको प्रतिवेदन | शिक्षा शाखा र महिला शाखा | निरन्तर | मामिला अध्ययन, बेसलाइन सर्वेक्षण गर्ने र मध्यवधि तथा अन्तिम मूल्याङ्कनको |



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुमगन सूचक |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवेदन |
| | अनुगमनबाट सङ्कलित तथ्याङ्क र मामिला अध्ययनका प्राप्ति र सुझावलाई नीति तथा योजना निर्माण र हस्तक्षेपकारी कार्यक्रममा प्रयोग | हस्तक्षेपकारी कार्यक्रमहरुको विकास | शिक्षा शाखा र महिला शाखा | निरन्तर | हस्तक्षेपकारी कार्यक्रमहरुको लागि नीति, बजेट, कार्यक्रम, प्रभावकारिता |
| ८ बालिका तथा समावेशी शैक्षिक कार्यक्रमको कार्यान्वयनमा सुधार गर्ने। | विद्यालय शिक्षामा समावेशी पठनपाठनका र अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन | मूलधारका कक्षा र अतिरिक्त क्रियाकलापहरुमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाहरुको निर्धक्क सहभागिता र सहायक सामग्रीहरुको पर्याप्त प्रयोग | विद्यालय, प्रधानाध्यापक र शिक्षक | निरन्तर | कक्षाको समयतालिका, विद्यार्थी उपस्थिति, सहायक सामग्रीको प्रयोग, पठनपाठन शैली, समावेशी अतिरिक्त क्रियाकलाप, लक्षित समुदायका बालिकाहरुको कक्षामा सहभागिता |
| | कक्षामा बसाइ व्यवस्थापनलाई समतामा आधारित बनाउने | होचा पुडका, अपाङ्गता भएका र पढाइमा पछि परेकाहरुलाई अगाडि र सहज रुपमा बस्ने शिक्षकले पढाएको सुन्ने र हेर्ने व्यवस्था | विद्यालय प्रधानाध्याक र शिक्षक | निरन्तर | कक्षाकोठा विद्यार्थी बसाइ ढाँचा र सुविधा |
| | बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाका अभिभावकको अवसर लागत न्यूनीकरण | विपन्न परिवारका बालबालिकाहरुलाई साइकल, ह्वील चेयर, ब्रेल पुस्तक, झोला, पोसाक, स्टेसनरी सामग्री, छात्रवृत्ति रकम, | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र विद्यालय | शैक्षिक सत्रको शुरुमा, बीचमा र अन्तमा | अवसर लागत न्यूनीकरणका कार्यक्रमको बजेट, कार्यक्रम कार्यान्वयन अवस्था, कार्यक्रमका |



अनिता
अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख

| उद्देश्य | क्रियाकलाप | प्रतिफल | जिम्मेवार पक्ष | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | खाजा खर्च, यातायात खर्च दिने मापदण्ड र बजेट विद्यालयमा उपलब्ध | | | लाभग्राही बालिका, र कार्यक्रमको प्रभावकारिता |
| | बालिका, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकाको सिकाइ सम्बन्धी कार्यगत सीमितता पहिचान | कार्यगत सीमितता भएका बालिकाको पहिचान | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र विद्यालय | शैक्षिक सत्रको शुरुमा | कार्यगत सीमितता प्रतिवेदन |
| | सीमान्तकृत समुदायका बालबालिकाहरुका लागि बहुभाषिक शिक्षण व्यवस्थापन र बहुपाठ्यपुस्तक प्रयोग | विद्यालयमा बहुभाषिक शिक्षण व्यवस्थापन र बहुपाठ्यपुस्तक प्रयोग | कार्यपालिका, नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा र विद्यालय | निरन्तर | बहुभाषिक शिक्षण विधि र बहुपाठ्यपुस्तक पठनपाठन विधि |
| | खुला सिकाइर ब्लेन्डेड मोडलका कक्षाहरुको सञ्चालन | भौतिक र अभौतिक दुवै प्रकारका पठनपाठन विधिको प्रयोग | शिक्षा शाखा र विद्यालय | निरन्तर | अनलाइन तथा अफलाइन पठनपाठन र शैक्षिक सामग्री र उपकरण, बालिकाको बासस्थानमा उपलब्धता र प्रयोग, शिक्षकबाट हुने सिकाइ सहजीकरण |

## परिच्छेद चार-वित्तीय स्रोत पहिचान, व्यवस्थापन तथा जोखिम व्यवस्थापन

### ४.१ स्रोत पहिचान

**रणनीति** ४.१.१ सङ्घीय तथा प्रदेश सरकारका निकायहरुबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

**रणनीति** ४.१.२ स्थानीय तहको पालिका र वडा कार्यालयहरुबाट प्राप्त हुने प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

**रणनीति** ४.१.३ राष्ट्रियतथाअन्तर्राष्ट्रियविकासकासाझेधारसंस्थाहरूबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

**रणनीति** ४.१.४ निजीक्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

**रणनीति** ४.१.५ अन्य क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने।

**४.२वित्तीय स्रोत व्यवस्थापन**

**रणनीति** ४.२.१ पालिकाको वित्तीय समानीकरण र आन्तरिक स्रोतका आधारमा यथार्थ बजेट र कार्यक्रम निर्माण गर्ने।

**रणनीति** ४.२.२ कार्यान्वयन गर्ने पक्षले समयै रकम माग गर्ने र समयमै कार्यक्रम सम्पन्न गर्ने।

**रणनीति** ४.२.३ खर्चलाई लक्ष्य, मापदण्ड र बजेटको सीमाभित्र राख्ने।

**रणनीति** ४.२.४ स्थानीय तहको पालिका तथा वडास्तरीय बजेटका अतिरिक्त अन्य स्रोतहरुबाट वित्तीय र भौतिक सहयोगहरु जुटाउने।

**४.३ वित्तीय जोखिम अनुमान र व्यवस्थापन**

**४.३.१ वित्तीय जोखिम अनुमान**

**रणनीति** ४.३.१.१ बजेट रकमान्तर र संशोधन हुँदा कार्यक्रमको बजेट आंशिक वा पूर्ण रुपमा वित्तीय अनिश्चितता उत्पन्न हुनु।

**रणनीति** ४.३.१.२ पालिकाको कार्यक्रम र बजेटमा प्राथमिकता प्राप्त हुन सक्नु।

**रणनीति** ४.३.१.३ कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको समिति वा शाखाबाट समयमा कार्य सम्पन्न नहुँदा कार्यक्रमको बजेट खेर जानसक्नु।

**रणनीति** ४.३.१.४ कार्यविधि र मापदण्डको पालना नगर्नाले वा कार्यविधि बिना कार्यक्रम सञ्चालन गर्नाले बेरुजू भई कार्यक्रमको विश्वसनीयतामा कमी हुन सक्नु।

**रणनीति** ४.३.१.५ सङ्घीयवा प्रदेश वा स्थानीय सरकारको ऐन, कानून, नीति, नियममा हुने परिवर्तनले खर्च गर्ने मापदण्डहरु परिवर्तन हुन सक्नु।

**४.३.२ वित्तीय जोखिम व्यवस्थापन**

**रणनीति** ४.३.२.१ पालिकाका सम्बन्धित पक्ष र सरोकारवालाहरु बजेट रकमान्तर र संशोधनमा ध्यान दिने।

**रणनीति** ४.३.२.२ पालिका र विद्यालयस्तरीय कार्यक्रमहरु समयमै सञ्चालन गर्न प्रोत्साहन गर्ने।

**रणनीति** ४.३.२.३ बैठकको निर्णय, कार्यविधि र खर्च गर्ने मापदण्ड बमोजिम बजेट खर्च गर्ने।

**रणनीति** ४.३.२.४ कार्यक्रमको योजना, कार्यान्वयन प्रक्रियामा हुन सक्ने मानवीय त्रुटिहरु प्रति सचेत र सजग रहने।

**रणनीति** ४.३.२.५ प्राविधिक र खरिद प्रक्रिया सम्बन्धी विषय विज्ञको सहयोग लिएर कार्यक्रम सञ्चालन गर्ने।

**रणनीति** ४.४.२.६ कार्यक्रम तयारी बैठक र समीक्षा बैठकहरु गर्ने।



अनिता

अनिता कुमारी चौधरी
का.वा. नगर प्रमुख